खडक नगरपालिका
☎ ०३१-५४००५४
# नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०७९/८०

## शुभकामना ।

नेपालीहरूको महान पर्व तिहार (शुभ दिपावली), नेपाल सम्वत र सूर्य उपासना गरी मनाइने लोक आस्थाको महापर्व छठको अवसरमा समस्त आदरणीय नगरवासीका साथै सम्पूर्ण नेपाली दाजुभाई र दिदीवहिनीहरुमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना दिन चाहन्छु ।

अनुपम वैभव र हाम्रो सांस्कृतिक धरोहरको रुपमा रहेका यी पर्वहरुले आपसी सदभाव, सहृदयता, सामाजिकता र एकताको अभिवृद्धिमा महत्वपूर्ण योगदान पुर्याउदै आएको तथ्यलाई स्मरण गर्दै आसन्न चाडपर्वहरु उत्साह र उल्लासमय वातावरणमा सुरक्षित, मर्यादित र व्यवस्थित तवरले मनाउन सबैमा आग्रह समेत गर्दछु ।

अन्त्यमा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि निरन्तर अग्रसर हुन सम्पूर्ण नेपालीहरुमा महालक्ष्मी तथा सुर्यदेवले हामी सबैमा आशिष प्रदान गरुन भन्ने अपेक्षा र भावनाका साथ पुनः शुभ दिपावली तथा छठ पर्व २०७९ को हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछु ।

मिति: २०७९ कार्त्तिक ६ गते

..................
जय प्रकाश चौधरी
नगर प्रमुख

जय प्रकाश चौधरी
नगर प्रमुख